



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २७१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज २९ गते बुधबार ❑ 15 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## पर्यटन सिजनमा पोखरामा पर्यटकको चहलपहल न्यून

पोखरापत्र संवाददाता
पोखरा, २८ असोज

पर्यटनको मुख्य सिजन सुरु भइसक्दा पनि पोखरामा पर्यटकको आगमन न्यून रहेको छ। प्राकृतिक विपद्, बाढीपहिरो तथा सडक अवरोधका कारण प्रभावित बनेको पोखराको पर्यटन बजार नोभेम्बरदेखि भने क्रमशः चलायमान हुने पर्यटन व्यवसायीले आशा गरेका छन्।

होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीका अनुसार हाल पोखराका पर्यटकीय होटलको अकुपेन्सी करिब २५ प्रतिशतमा सीमित छ। विगतका वर्षमा यही सिजनमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्दा होटल अकुपेन्सी ८० प्रतिशतसम्म पुग्ने गरेको भए पनि यस वर्ष पर्यटन व्यवसाय अपेक्षाकृत कमजोर बनेको उहाँले बताउनुभयो।

कोटकोशी, कालीगण्डकी र बुढीगण्डकी क्षेत्रमा आएको बाढी तथा विभिन्न सडक र राजमार्गमा भएको अवरोधले पर्यटकको आवागमन प्रभावित पारेको सुवेदीको भनाइ छ। देशमा देखिएको प्राकृतिक विपद्का कारण होटलमा भएका करिब ३० प्रतिशत अग्रिम बुकिङसमेत रद्द भएको उहाँले जानकारी दिनुभयो। पोखरामा पर्यटकीय स्तरका चार सयभन्दा बढी होटल रहेको र ती होटलमा एकै रातमा करिब ४० हजार बेड क्षमताको व्यवस्था रहेको होटल संघ पोखरा नेपालको



दाबी छ। पर्यटकीय सिजनमा अपेक्षित पर्यटक नआउँदा होटल व्यवसायीले आर्थिक दबाब सामना गर्नुपरेको छ।

यद्यपि, पछिल्लो समय सडक तथा राजमार्ग सञ्चालनमा आउनु, मौसम अनुकूल बन्दै जानु र नोभेम्बरका लागि होटल बुकिङ सुरु हुनुले व्यवसायीमा आशा जगाएको छ। रेवान पोखराका अध्यक्ष वसन्त गौतमले दशैंको मुख तथा अक्टोबर महिनामा अपेक्षाकृत कम पर्यटक आए पनि नोभेम्बरका लागि हाल बुकिङ हुन थालेको बताउनुभयो। उहाँले आगामी दिनमा पोखराका होटल तथा रेस्टुरेन्टमा आन्तरिक र बाह्य पर्यटकको चहलपहल बढ्ने विश्वास व्यक्त गर्नुभयो। "हामी आशावादी छौं। मौसमले पनि साथ दिएको छ र सडक तथा राजमार्गहरू खुलेका छन्। अब पोखराका होटल तथा रेस्टुरेन्टमा आन्तरिक र बाह्य पर्यटकको चहलपहल बढ्ने अपेक्षा गरेका छौं," गौतमले भन्नुभयो। पोखराको मुख्य पर्यटकीय क्षेत्र लेकसाइडमा पर्यटकको आगमन कम हुँदा त्यसको प्रभाव आसपासका पर्यटकीय गन्तव्यमा समेत परेको व्यवसायीको भनाइ छ। होटल तथा रेस्टुरेन्ट एसोसिएसन लेखनाथका अध्यक्ष सुरेश लामिछानेले फेवाताल क्षेत्रमा आउने पर्यटक बेगनासतालसम्म पुग्ने गरेको भए पनि समग्र पोखरामै पर्यटकको चहलपहल घट्दा बेगनास क्षेत्रको पर्यटन व्यवसायसमेत प्रभावित भएको बताउनुभयो। पर्यटकको आगमन न्यून हुँदा पर्यटकलाई स्वागत सत्कार गर्न व्यस्त हुनुपर्ने समयमै व्यवसायी फुर्सदिला बनेको उहाँले उल्लेख गर्नुभयो। यद्यपि, पछिल्लो समय देखिन थालेको सुधारको संकेतले आगामी दिनमा पर्यटकको संख्या बढ्ने अपेक्षा गरिएको लामिछानेले बताउनुभयो।

यसैबीच, पोखरामा अन्तरर्राष्ट्रिय हवाई सम्पर्क विस्तार हुनुले पनि पर्यटन क्षेत्रलाई उत्साहित बनाएको छ। पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले असोज ७ गतेदेखि सुरु भएको फ्लाई दुबईको नियमित अन्तर्राष्ट्रिय उडानले पोखराको पर्यटन प्रवर्द्धनमा थप सम्भावना सिर्जना गरेको बताउनुभयो।

फ्लाई दुबईले आगामी वर्षको अक्टोबरसम्मका लागि टिकट बुकिङ खुला गर्नुले पोखरामा नियमित अन्तर्राष्ट्रिय हवाई सेवाको निरन्तरता र पर्यटन विकासका लागि सकारात्मक आधार तयार भएको श्रेष्ठको भनाइ छ। नियमित अन्तर्राष्ट्रिय उडानले विदेशी पर्यटकको आगमन बढाउन तथा पोखरालाई अन्तर्राष्ट्रिय पर्यटन बजारसँग जोड्न सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

पोखरा प्राकृतिक सौन्दर्य, फेवाताल, बेगनासताल, सराङकोट, विश्वशान्ति स्तूप, पुम्दीकोटको विशाल महादेवको मूर्ति तथा आसपासका पदयात्रा मार्गका कारण स्वदेशी र विदेशी पर्यटकको आकर्षणको केन्द्र रहँदै आएको छ। तर, पर्यटन सिजनमै पर्यटकको आगमन न्यून हुँदा होटल, रेस्टुरेन्ट तथा अन्य पर्यटनसम्बद्ध व्यवसाय प्रभावित भएका छन्। सडक सञ्जाल सहज बन्दै जानु, मौसमले साथ दिनु, अन्तर्राष्ट्रिय हवाई उडानको नियमितता र नोभेम्बरका लागि देखिएको बुकिङको संकेतले पोखराको पर्यटन बजार पुनः लयमा फर्किने अपेक्षा व्यवसायीले गरेका छन्।

## पोखरा-दुबई उडानः वर्षदिनको टिकट बुकिङ खुला

पोखरापत्र संवाददाता
पोखरा, २८ असोज

फ्लाई दुबईले यही असोज ७ गतेदेखि सुरु गरेको दुबई-पोखरा-दुबई उडान सेवा नियमित र दिगो हुनेमा यहाँका पर्यटन व्यवसायी ढुक्क रहेको पाइएको छ।

सुरुमा छ महिनाका लागि टिकट बुकिङ खुला गरेको फ्लाई दुबईले सन् २०२७ अक्टोबर ३० सम्मलाई बुकिङ खुला गरेपछि उडान नियमित हुनेमा व्यवसायीलाई थप विश्वस्त तुल्याएको हो। फ्लाई नमस्ते ट्राभल्सका सञ्चालक पोमनारायण श्रेष्ठले दुबई-पोखरा-दुबई उडान सुरुआतमै उत्साहजनक रहेपछि फ्लाई दुबईले बुकिङ अवधि बढाएको बताउनुभयो।

उहाँले भन्नुभयो, "आगामी वर्षसम्मका लागि बुकिङ खुला भएपछि उडान नियमित सञ्चालन हुनेमा विश्वास थप बढेको छ, यो पोखराका पर्यटन व्यवसायीलगायत सबैका लागि सुखद् विषय हो।" चाडबाडको समय भएकाले दुबईबाट पोखरा आउने यात्रुको तुलनामा पोखराबाट दुबई जानेको सङ्ख्या केही कम रहेको छ। चाडबाडपछि पोखराबाट दुबई जाने यात्रुको सङ्ख्या बढ्ने पर्यटन व्यवसायी श्रेष्ठले बताउनुभयो। पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्षसमेत रहनुभएका उहाँले फ्लाई दुबईको उडानलाई सफल बनाउन सबैपक्षको




सहयोग र सहकार्यको खाँचो रहेको बताउनुभयो। पोखरा अन्तरराष्ट्रिय विमानस्थल, नागरिक उड्डयन कार्यालयका सूचना अधिकारी विनोदसिंह रावतले असोज ७ गतेयता मौसम खराबीका कारण फ्लाई दुबईको एउटा उडान रद्द भए पनि अन्य दिन नियमित उडान भइरहेको बताउनुभयो। फ्लाई दुबईको उडान तालिका अनुसार जहाज हरेक दिन साँझ ६:१५ बजे पोखरा अवतरण र साँझ ७:१५ बजे दुबई प्रस्थान गर्दै आएको छ।

गत सोमबारसम्ममा फ्लाई दुबईको उडानमार्फत तीन हजार ११३ यात्रु दुबईबाट पोखरा आएको र पोखराबाट एक हजार ४२३ यात्रु दुबई प्रस्थान गरेको जनाइएको छ। फ्लाई दुबईको उडानलाई प्रभावकारी बनाउन लागिपरेका पोखराका पर्यटन व्यवसायीलगायत सम्बद्ध पक्ष उडान दिगो हुनेमा विश्वस्तसँगै उत्साहित रहेको पाइएको छ।

टिकट बुकिङ उत्साहजनक रहेपछि टुर्स एण्ड ट्राभल्स व्यवसायीमा पनि उडान नियमित हुनेमा आशा जागेको छ। यस उडानबाट आउने यात्रुलाई लक्षित गरी होटल, रेष्टुराले विभिन्न सहुलियत योजना ल्याएका छन्। फ्लाई दुबईले हाल १६५ यात्रु क्षमताको बोइङ ७३७ म्याक्स ८ जहाजबाट दुबई-पोखरा-दुबई उडान गर्दै आएको छ। पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडान सुरू गर्ने फ्लाई दुबई पहिलो वायुसेवा कम्पनी हो। यसअघि केही वायुसेवा कम्पनीले पोखराबाट अन्तरराष्ट्रिय गन्तव्यमा चार्टर उडान गरेका थिए। फ्लाई दुबईको उडान सुरू भएसँगै दुबईलाई ट्रान्जिट बनाएर विश्वका धेरै मुलुकसँग पोखराको हवाई सञ्जाल विस्तार भएको छ। त्यसबाट दीर्घकालिन रुपमा पोखराको पर्यटन,


बाँकी अन्तिम पृष्ठमा ▶▶


## कोरलानाकाबाट भित्रिएका 'इभी'लाई गन्तव्यमा पुऱ्याउन सकस

पोखरापत्र संवाददाता
मुस्ताङ, २८ असोज

यही असोज ११ गतेको भारी वर्षाका कारण बाढीपहिरो र नदी कटानले अवरुद्ध (बेनी-जोमसोम) सडकमार्ग अवरुद्ध भएयता दुई सातामा कोरलानाकाबाट २५०० बढी विद्युतीय सवारी (इभी) नेपाल भित्रिएको छ। यसरी कोरलानाकाबाट भित्रिएका विद्युतीय सवारी भने गन्तव्यमा पुऱ्याउन नसकी मुस्ताङमा राखिएका छन्।

शुक्रबार साँझदेखि सडक सञ्चालन भए पनि सडक सहज नभएकाले कोरलानाकाबाट नेपाल भित्रिएका विद्यतीय सवारीसाधनहरु अझै गन्तव्यतर्फ प्रस्थान गर्न सकेका छैनन्। उक्त सडक पूर्ण रूपमा सहज नभएको जनाउँदै सम्बन्धित प्रतिनिधिहरूले गन्तव्यमा पुऱ्याउन नसकी मुस्ताङमै रोकिन पुगेको हो।

नेपाल-चीन उत्तरी कोरलानाकास्थित लोमान्थाङ-४ न्हेचुङस्थित सशस्त्र प्रहरी बोर्डर आउट पोस्टका अनुसार कोरलानाकाको खुला पठार र न्हेचुङस्थित मुस्ताङ भन्सार यार्डमा करिब दुई हजार



बढी विद्युतीय सवारी पार्किङ गरी राखिएको छ। कोरलास्थित बिओपीका इन्चार्ज एवं सशस्त्र प्रहरी निरीक्षक प्रकाश धितालका अनुसार कोरलानाकाको दशगजा क्षेत्रमा विभिन्न कम्पनीका दुई हजार बढी र भन्सार यार्डमा २०० बढी विद्युतीय गाडी पार्किङमा रहेको जानकारी दिनुभयो। "कोरलानाका क्षेत्रमा भन्सार जाँच पास भइसकेपछि स्थानीय चालकले भन्सार कार्यालयसम्म ल्याइपुऱ्याउँछन्, त्यसपछि कम्पनीकै चालकले विद्युतीय गाडी झार्ने गर्छन्", सशस्त्र प्रहरी निरीक्षक धितालले भन्नुभयो, "नाकामा राखिएका गाडी भन्सार जाँचपासपछि तल पठाउन सहजीकरण गरेका छौं।"

त्यसैगरी कोरलानाबाट भन्सार जाँचपास गरी जोमसोम झारिएका करिब पाँच सय बढी विद्युतीय सवारी जोमसोमका दुई पार्किङस्थलमा व्यवस्थापन गरिएको छ। अवरुद्ध बेनी-जोमसोम सडक सञ्चालन भए पनि सडकको अवस्था अझै नाजुक रहेकाले जोमसोम झरेका विद्युती सवारीसाधन गन्तव्यतर्फ प्रस्थान गर्न नसकेको बिवाडी कम्पनीको खरिदकर्ता साइमन इङ्कका प्रतिनिधि दीपक बुढाथोकीले जानकारी दिनुभयो। उहाँका अनुसार भारी वर्षाले सडक अवरुद्ध भएयता कोरलानाकाबाट भित्रिएका बिवाइडी कम्पनीका विभिन्न मोडलका २००० बढी गाडी मुस्ताङमा रोकिएको बताउनुभयो। कम्पनीबाट कोरलानाकाबाट भित्रिएका विद्युती गाडी गन्तव्यतर्फ छुटाउन आएका उहाँले साना गाडीलाई गन्तव्यमा पठाउन अझै समस्या भएकाले जोमसोममै राखिएको उहाँको भनाइ छ। जोमसोम बसपार्क र भन्सार कार्यालयको जोमसोममा रहेको पार्किङस्थलमा भित्रिएका गाडीहरु थन्क्याइएको उहाँले उल्लेख गर्नुभयो।

असोज ११ गतेअघि बिवाइडी कम्पनीका गाडी करिब ४५० जति गन्तव्यमा पठाइएको भए पनि त्यसपछि भित्रिएका गाडी बेनी-जोमसोम सडक असहजताले गर्दा गन्तव्यमा पठाउन समस्या भएको उहाँले जानकारी दिनुभयो। साइमेक्स इङ्कले रसुवा र तातोपानी नाका बन्द भएपछि करिब तीन हजार बढी विद्युतीय गाडी कोरलानाकाबाट भित्र्याउने योजना रहेको उहाँको भनाइ छ। प्रहरी निरीक्षक एवं सूचना अधिकारी सन्तोष बस्यालका अनुसार सोमबारसम्म कोरलानाकाबाट पैठारी गरिएका मालवस्तु बोकेका ६०० बढी कन्टेनर जिल्लाबाट गन्तव्यतर्फ प्रस्थान गरिसकेका छन्। यसैगरी जिल्लामा रोकिएका कन्टेनरहरु बाहिरिएसगै कोरलानाकामा मालवस्तु ढुवानी गर्न केही खाली कन्टेनर उकालो लागेको उहाँले जानकारी दिनुभयो।




# दसौँ राष्ट्रिय खेलकुदका लागि गण्डकी प्रदेशको तयारी सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असोज

कर्णाली प्रदेशमा आगामी मङ्सिरमा आयोजना हुने दसौँराष्ट्रियखेलकुदप्रतियोगिताका लागि गण्डकी प्रदेशले आवश्यक तयारी सुरु गरेको छ।

राष्ट्रिय खेलकुदका लागि प्रदेश खेलकुद परिषद्ले गण्डकीका विभिन्न जिल्लामा तयारी अघि बढाएको हो। प्रतियोगिताका लागि स्थानीय तहदेखि प्रदेशस्तरसम्म खेलाडी छनोट गरिने छ। गण्डकी प्रदेश खेलकुद परिषद्ले प्रदेशका ११ वटै जिल्ला खेलकुद विकास समितिलाई पत्राचार गर्दै प्रतियोगिताका लागि आवश्यक खेलाडी छनोट प्रक्रिया अघि बढाउन निर्देशन दिएको छ। यसपटक राष्ट्रिय खेलकुदमा ३२ वटा खेल समावेश गरिएको छ।

परिषद्का सदस्यसचिव श्रीधर शर्माका अनुसार राष्ट्रिय खेलकुदका लागि पालिकास्तरीय छनोट प्रतियोगितामार्फत खेलाडी छनोट गरिने छ। स्थानीयस्तरको छनोट प्रतियोगिता आगामी कात्तिक १० गतेभित्र सम्पन्न गर्नुपर्नेछ।

त्यसैगरी, जिल्लास्तरीय छनोट कात्तिक १३ देखि १५ गतेसम्म र प्रदेशस्तरीय छनोट कात्तिक १६ देखि २० गतेसम्म सम्पन्न गर्नुपर्नेछ। "स्थानीय तहमा छनोट भएका खेलाडीबाट जिल्लास्तरीय प्रतियोगितामा सहभागिता गराउने र जिल्लाबाट छनोट भएका खेलाडीलाई प्रदेशस्तरीय प्रतियोगितामा सहभागी गराइनेछ। प्रदेशस्तरीय छनोटबाटराष्ट्रियखेलकुदप्रतियोगितामा सहभागी हुने खेलाडी तथा टोली निर्धारण गर्ने छौं," सदस्य सचिव शर्माले भन्नुभयो।

राष्ट्रिय प्रतियोगिताका लागि खेलाडी छनोट गर्दा निर्धारित मापदण्डअनुसार प्रक्रिया अघि बढाउन, आवश्यक तयारी गर्न तथा प्रतियोगिता व्यवस्थित रूपमा सञ्चालन गर्न परिषद्ले सम्बन्धित जिल्ला खेलकुद विकास समितिलाई आग्रह गरेको छ। परिषद्ले स्थानीय तह, जिल्ला खेलकुद विकास समिति तथा सम्बन्धित सरोकारवालाबीच समन्वय गरी निर्धारित समयभित्र छनोट कार्यक्रम सम्पन्न गर्न अनुरोध गरेको छ। दसौँ राष्ट्रिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता कर्णाली प्रदेशमा आगामी मङ्सिर १६ देखि २७ गतेसम्म आयोजना हुँदैछ। राष्ट्रिय खेलकुदमागण्डकीप्रदेशकोसहभागिता सुनिश्चित गर्न प्रदेशस्तरीय छनोट प्रक्रिया अघि बढाइएको परिषद्ले जनाएको छ। परिषद्ले खेलाडी छनोटलगायत गण्डकी प्रदेशको टोली निर्माणका लागि आवश्यक बजेटका लागि सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयमा अनुरोध गरेको छ।

यसअघि गण्डकी प्रदेशको पोखरामा विसं २०७९ असोज २८ देखि कात्तिक ३ गतेसम्म नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन भएको थियो। नवौंमा गण्डकी प्रदेश पहिलो हुन सफल भएको थियो।

नवौंको समापनका अवसरमा दुई वर्षपछि कर्णालीमा १०औं संस्करण गर्ने घोषणा गरिए पनि चार वर्षपछि बल्ल प्रतियोगिता हुन लागेको हो।

# पोउवा संघको कार्यसमितिमा डिल्लीराज र तुलबहादुर मनोनित

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असोज




पोखरा उद्योग वाणिज्य संघको कार्यसमितिमा २ जना सदस्य मनोनित भएका छन्।

मनोनित हुनेमा साजन गिफ्ट एण्ड किचन कर्नरका प्रोपाइटर डिल्लीराज सुवेदी तथा थापा सप्लायर्सका प्रोप्राइटर तुलबहादुर थापा रहेका छन्।

अध्यक्ष शोभा गौतमले संघको विधान २०६५ (पहिलो संशोधन) २०७२ को परिच्छेद ६.१.१(ड) ले दिएको अधिकार प्रयोग गर्दै दुवैलाई कार्यसमितिमा मनोनित गरेकी हुन्।

सो धाराले अध्यक्षलाई कार्यसमितिको सहमतिमा ४ जना सदस्य मनोनित गर्ने अधिकार दिएको छ।

मनोनित दुवै सदस्यले बुधबार नै पद तथा गोपनीयताको सपथ लिएका छन्।

# पोउवा संघमा दशैंको शुभकामना आदानप्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असोज




पोखरा उद्योग वाणिज्य संघले बडादशैं,नेपाल संवत्,तिहार र छठलगायतका चाडपर्वको पूर्वसन्ध्यामा बुधबार शुभकामना आदान-प्रदान तथा जलपान कार्यक्रमको आयोजना गरेको छ।

गण्डकी प्रदेश सरकारका उर्जा,जलस्रोत तथा सिंचाइमन्त्री फणीन्द्र देवकोटाको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा कास्कीमा रहेका राजनीतिक दल, प्रशासनिक र सुरक्षा निकाय तथा विभिन्न संघ/संस्थाका प्रमुख तथा प्रतिनिधिहरुका साथै संघका पूर्वअध्यक्षहरु, बस्तुगत संघका अध्यक्ष र पदाधिकारी एवं संघमा आवद्ध रहेका उद्योगी/व्यवसायीहरुकोउपस्थितिरहेको थियो। शुभकामना आदानप्रदान तथा जलपान कार्यक्रममा उपस्थित पाहुनाहरुलाई स्वागत गर्दै संघकी अध्यक्ष शोभा गौतमले आउँदै गरेका सवै चाडबाडको शुभकामना दिँदै उपभोक्ताको हितलाई ध्यानमा राखेर व्यवसाय गर्न उद्योगी/व्यवसायीसँग आग्रह गरिन्।

'महान पर्वको बेला यथाशक्य छुटको व्यवस्था गर्न,भिडभाडको बेला आफ्नो पसल र दुकानको सुरक्षा प्रबन्ध मिलाउन म अनुरोध गर्दछु,'अध्यक्ष गौतमले भनिन्,'दशैं खुसीको चाचड हो। चाडबाड ढुक्कसँग मनाउने वातावरण निर्माणका लागि प्रहरी प्रशासनले आवश्यक प्रबन्ध मिलाएको जानकारी आएको छ। केही आइपरे सुरक्षा निकायसँग समन्वय गर्न म उद्योगी/व्यवसायीहरुसँग हार्दिक अनुरोध गर्दछु।' गण्डकी प्रदेश सरकारका उर्जा,जलस्रोत तथा सिंचाइमन्त्री फणीन्द्र देवकोटाले प्राकृतिक विपत्तिबाट यो क्षेत्र पनि प्रभावित बनेको बताउँदै गण्डकी प्रदेश सरकारले निजी क्षेत्रसँग सहकार्य गर्दै अगाडि बढ्ने बताए। उनले आर्थिक सूचकांकहरुमा गण्डकी प्रदेशको अवस्था सन्तोषजनक नै रहेको धारणा पनि राखे। नेपाल उद्योग वाणिज्य महासंघ तथा पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले पछिल्ला दिनमा गण्डकी प्रदेशका आर्थिक गतिविधिहरु संकुचनमा परेको दृष्टान्त दिँदै यो प्रदेशलाई अन्य प्रदेशभन्दा अझ समृद्ध बनाउनुपर्नेमा जोड दिएका थिए। सोही अवसरमा शुभकामना दिन उपस्थित वरिष्ठ उद्योगपति हरि पाण्डेले पोखरा उद्योग वाणिज्य संघका संस्थापकहरुको नामबाट छात्राहरुको लागि ५ लाख रुपैयाँको छात्रवृत्ति घोषणा गरे। 'पोखरा उद्योग वाणिज्य संघका सस्थापकहरु बढीमा १० जनाको नाममा जम्मा ५ लाखको छात्रवृत्ति घोषणा गर्दछु। यो छात्रवृत्ति एसइईपछिको ३ वर्षे डिप्लोमा लेभलको भेटेनेरी र कृषिको लागि हुनेछ भने छात्रवृत्ति पाउने सवै छोरीहरु हुनेछन्,'उनले भने। पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पौडेलले चाडबाडले नेपाललाई प्राकृतिक विपत्तिको पीडाबाट बाहिर निस्कने शक्ति प्रदान गरोस् भन्ने कामना व्यक्त गरे।

कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी रमेश घर्तीले स्थानीय प्रशासन निजी क्षेत्रसँग सहकार्य गर्दै अगाडि बढ्ने र शान्ति सुरक्षाको प्रबन्धका निम्ति कुनै कसर बाँकी नराख्ने बताए।

संघका वरिष्ठ उपाध्यक्ष दिनेशचन्द बास्तोलाको धन्यवाद ज्ञापन रहेको कार्यक्रमको संचालन महासचिव सुदीप प्रधानाङ्गले गरेका थिए।

# आशिर्वाद क्लब अफ नेपालको अध्यक्षमा भिषण बराल

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असोज



पोखरा महानगरपालिका-१३ मा युवाहरूलाई एकताबद्ध गर्दै सामाजिक गतिविधिमा सक्रिय आशिर्वाद क्लब अफ नेपालको चौथो साधारण सभा तथा तेस्रो अधिवेशनले भिषण बरालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।

अधिवेशनले अर्जुन बराललाई इन्चार्जको जिम्मेवारीसमेत दिएको छ। नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा सुशान्त पौडेल, रोशनी बराल र रोहल बराल चयन भएका छन्। त्यसैगरी सचिवमा शिशिर बराल, कोषाध्यक्षमा अर्जुन पौडेल तथा सहसचिवमा मन्दिपा बराल, दिजन सापकोटा र वर्षा सुनार चयन भएका छन्। खेलकुद विभाग प्रमुखमा प्रवेश बराल, संस्कृति विभाग प्रमुखमा सुजन बराल र स्वास्थ्य विभाग प्रमुखमा अशिका देवकोटा चयन भएका छन्। कार्यसमितिका बाँकी सदस्य अर्को बैठकबाट चयन गरिने क्लबले जनाएको छ। कार्यक्रममा पोखरा महानगरपालिका-१३ का निवर्तमान वडाध्यक्ष दर्शन लामाले युवाहरू एकजुट भएर समाजमा गर्दै आएका काम प्रशंसनीय रहेको बताए।

युवाहरूको सक्रियता र एकताले सामाजिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने उल्लेख गर्दै उनले क्लबका गतिविधिको सराहना गरे। क्लबका अध्यक्षको सभापतित्वमा सम्पन्न कार्यक्रममा इन्चार्जद्धय विक्रम बराल, मनिष बराललगायतले बोलेका थिए। कार्यक्रमको सञ्चालन सुशान्त बरालले गरेका थिए।

# जापानिज भिक्षुको ऐतिहासिक घर

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २८ असोज

मार्फा गाउँ धार्मिक तथा सांस्कृतिक एवं परम्परागत संस्कृतिले प्रख्यात छ। मुस्ताङको घरपझोङ गाउँपालिका-२ ढुङ्गा र माटोले बनेका सदियौँ वर्ष पुराना एकआपसमा गुजमुच्च जोडिएको प्राचीनशैलीका घर र त्यहाँको ढुङ्गा बिच्छ्याइएका साँघुरो गल्लीको आकर्षकले मुस्ताङ भ्रमण गर्ने जो-कोही पर्यटक मोहित नहुने कुरै भएन।

मार्फाको यही साँघुरो गल्लीभित्रको भिरालो पाखोसँगै जोडिएको प्राचीन शैलीको दुईतले घर छ, जुन अहिले पनि विदेशी पर्यटकका लागि निकै आकर्षक केन्द्र बनेको छ। म्याग्दीको बेनी हुँदा मुस्ताङ आएका पर्यटकले मार्फाको पहिलो गेट कटेपछि १०० मिटरजतिको दूरीमा उक्त घर पुगिन्छ। जुन घरमा बौद्धधर्मका अध्यता तथा अन्वेषक जापानिज भिक्षु इकाई कावागुची तीन महिनासम्म बसेका थिए। सन् १८९९ मा जापानिज भिक्षु इकाइ कावागुची भारत हुँदै बौद्ध धर्मको अध्ययन तथा अन्वेषणका लागि तिब्बत जाने क्रममा नेपाल प्रवेश गरेका थिए। बौद्ध धर्मका अध्यतासमेत रहेको जापानिज भिक्षु तिब्बती भाषा र लिपिका लागि भारत हुँदै नेपाल पसेका थिए। झन्डै १२६ वर्ष पहिले जापानिज भिक्षु कावागुची बौद्ध दर्शनका लागि तिब्बती भाषा र लिपिको ज्ञान आर्जन गर्न जापानबाट भारतको कोलकात्ता पुगेका थिए।

त्यहाँ केही समय बसेपछि भिक्षु कावागुची दार्जीलिङ पुगे। भारतको दार्जीलिङमा तिब्बती भाषा अध्ययन गर्दै बसेका भिक्षु कावागुची त्यहाँ एक वर्ष बसेपछि तिब्बत जाने क्रममा नेपाल पसेको मार्फास्थित सम्तेन छ्योलिङ गुम्बाका लामा नीरज लालचन बताउनु हुन्छ। मुस्ताङको मार्फामा रहेको इकाइ कावागुची बस्नुभएको उक्त घर लामा लालचन परिवारकै स्वामित्वमा छ।

तत्कालीन राणा प्रधानमन्त्री जुद्ध शमशेरको पालामा जापानिज बौद्ध भिक्षु कावागुची भारतबाट नेपाल प्रवेश गरेका थिए। तत्कालीनराणासरकारकोसमन्वयमा सरकारी कागजपत्र मिलाएर विदेशी भिसा लिएर भिक्षु इकाइ कावागुची नेपाल प्रवेश गर्नुभएको गुम्बाका लामा निरज लालचनले उल्लेख गर्नुभयो। बौद्ध धर्मका अध्ययता तथा अन्वेषक भिक्षु कावागुची त्यससमय पैदल हिँडेर तिब्बत जाने क्रममा जोमसोम हुँदै उपल्लो मुस्ताङ पुग्नुभयो। हिउँदयामको समय थियो। हिमपात र अत्यधिक चिसो याममा उपल्लो मुस्ताङ पुगेका जापानिज भिक्षुको भेट मुस्ताङको मार्फा गाउँका अधम नारायण लालचन (सुब्बासँग) भेट भयो। भिक्षु र अधम नारायणबीच केही कुराकानी भयो। मार्फाका स्थानीय अधम नारायण त्यसबेला तिब्बतको व्यापार गर्ने गर्थे। यसैले उहाँलाई तिब्बत यात्राबारे धेरै कुरा थाहा थियो। उपल्लो मुस्ताङमा भेट भएका जापानिज भिक्षुसँगको कुराकानीकाबारेमा अधम नारायणले धेरै कुरा जानकारी गराए। भिक्षुको तिब्बत यात्रा गर्ने योजना सुनिसकेपछि अधम नारायणले हिउँदयामको मौसम भएकाले तत्काल तिब्बत यात्रा गर्न कठिनाइ र जोखिम हुने कुरा सुनाउनुभयो। जापानिज भिक्षु कावागुचीले आफ्नो यात्रा त्यही रोकेर अधम नारायणसँगै मार्फा फर्किए। यसरी फर्किएका भिक्षु अधम नारायणको घरमा तीन महिनासम्म तिब्बतीयन भाषाको पुस्तक पढ्ने र ध्यान साधनागरी बसेका थिए। मार्फामा इकाइ कावागुची बसेको घरका धनी अधम नारायणका पाँचौं पुस्ताका हुनुहुन्छ मार्फास्थित सम्तेन छ्योलिङ गुम्बाका लामा निरज लालचन। अधम नारायणका पाँचौं पुस्ताका सन्तति रहेका लामाले जापानिज भिक्षु इकाइ कागागुची तिब्बत जाने क्रममा आफ्नो घरमा तीन महिना बसेको बताउनुभयो। त्यससमय मार्फामा विदेशी आउँदा गाउँलेहरूले त्यति राम्रो मान्दैनथे। यसै कारण भिक्षुलाई पनि गाउँलेहरूले नराम्रो दृष्टिकोणले हेर्ने गर्थे। गाउँलेले गलत रुपले हेर्न थालेपछि कावागुची र अधम नारायणले गुम्बामा कसम खाएर मित लगाएको उहाँको भनाइ छ। अधम नारायणको घरमा रहँदा इकाइ कावागुचीले आफैँ पकाएर खाने, ध्यानसाधना गर्ने र अधम नारायणको घरमा रहेको तिब्बती पुस्तक पढ्ने आदि गर्ने गरेको लामा लालचनको भनाइ छ। अधम नारायणको घरमा तीन महिना बिताएका जापानिज भिक्षु इकाइ कावागुची मुस्ताङको साङ्ताको बाटो हुँदै डोल्पाबाट तिब्बत प्रस्थान गरेका थिए। तर, तिब्बत पुगेर फर्किंदा भिक्षु कावागुची मुस्ताङ नआइ अन्य मार्ग हुँदै बाहिरिएको लाम लालचनले बताउँनुभयो। मार्फामा जापानिज भिक्षु बसेको घर विषेशगरी जापानिज पर्यटकका लागि निकै महत्वपूर्ण गन्तव्य बनेको छ।

# पोखरा ...

व्यवसाय, रोजगारी र समग्र आर्थिक गतिविधिका महत्वपूर्ण टेवा पुग्ने विश्वास लिइएको छ। सन् २०२३ जनवरीदेखि सञ्चालनमा आएको यस विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडान हुन सकेको थिएन।

सरकारले चालु आवको नीति तथा कार्यक्रममा पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको केही समयमै फ्लाई दुबईले उडान सुरु गरेको हो। दुबई-पोखरा-दुबई उडानका लागि गत जेठ २५ गते नेपाल नागरिक उड्डयन प्राधिकरणले फ्लाई दुबईलाई अनुमति दिएको थियो।

सरकारले अन्तरराष्ट्रिय उडानका लागि वायुसेवा कम्पनीलाई आकर्षित गर्न विमानस्थलमा लाग्ने विभिन्न शुल्कमा छुट दिएको छ। विसं २०८५ भदौ मसान्तसम्मका लागि विमानस्थलमा पार्किङ, ल्यान्डिङ र नेभिगेसन शुल्क पूर्ण रूपमा छुट दिइएको छ। यस्तै, ग्राउन्ड ह्यान्डलिङ शुल्कमा ५० प्रतिशत छुटको व्यवस्था छ।

# न्यून गुणस्तरका खाद्यवस्तु बिक्री गर्नेविरुद्ध मुद्दा

**पोखरापत्र संवाददाता**
दमौली, २८ असोज

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय दमौलीले मुद्दा दायर गरेको छ।

न्यून गुणस्तरका खाद्यवस्तु उत्पादन तथा बिक्रीवितरण गर्ने व्यवसायीविरुद्ध मुद्दा दर्ता गरिएको हो। खाद्य स्वच्छता तथा गुणस्तरमा लापरबाही गरेको दाबी गर्दै खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय दमौलीमा मुद्दा दाखिला भएको हो। कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा विभिन्न प्रकृतिका छ वटा मुद्दा दर्ता गरेको छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय दमौलीका प्रमुख ज्योति आचार्यले दर्ता भएका मुद्दामध्ये एक वटा दुषित तथा न्यूनस्तरको खाद्यवस्तुसँग सम्बन्धित र पाँच वटा खाद्य स्वच्छता तथा गुणस्तरसँग सम्बन्धित कसुरका रहेको बताउनुभयो। कार्यालयको कार्यक्षेत्र तनहुँ, लमजुङ, गोरखा, नवलपुर र मनाङ जिल्ला हो।

कार्यक्षेत्रभित्रका विभिन्न उद्योग तथा खाद्य व्यवसायको अनुगमनका क्रममा खाद्य ऐन तथा नियमावलीविपरीत उत्पादन, प्रशोधन तथा बिक्री वितरण गरेको पाइएपछि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गरिएको आचार्यले बताउनुभयो।

नवलपुरको गैँडाकोट नगरपालिका-७ स्थित कालिका रिफाइनरी उद्योग प्रालिले न्यूनस्तरको प्रशोधित सूर्यमुखी तेल उत्पादन तथा बिक्री वितरण गरेको पाइएपछि उद्योगविरुद्ध जिल्ला प्रशासन कार्यालय नवलपुरमा मुद्दा दर्ता गरिएको छ।

खाद्य वस्तुको गुणस्तर परीक्षणका क्रममा तोकिएको मापदण्डअनुसार नरहेको पाइएपछि कानुनी प्रक्रिया अघि बढाइएको कार्यालयले जनाएको छ।यस्तै, गैँडाकोट नगरपालिका-१६ स्थित एचओएफ फुड्स प्रालिविरुद्ध खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी कसुरमा जिल्ला प्रशासन कार्यालय नवलपुरमा मुद्दा दर्ता गरिएको छ।

गोरखामा दुई वटा खाद्य व्यवसायविरुद्ध मुद्दा दर्ता भएको छ। गोरखा नगरपालिका-७ स्थित मनकामना पाउरोटी उद्योगका सञ्चालक र गोरखा नगरपालिका-६ स्थित अलिसा फुड प्याकेजिङका सञ्चालकविरुद्ध खाद्य स्वच्छता तथा गुणस्तरसँग सम्बन्धित कसुरमा जिल्ला प्रशासन कार्यालय गोरखामा मुद्दा दर्ता गरिएको छ। तनहुँको बन्दीपुर गाउँपालिका-१ डुम्रे बजारस्थित रजनिश केक पसलका सञ्चालकविरुद्ध खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी कसुरमा जिल्ला प्रशासन कार्यालय तनहुँमा मुद्दा दर्ता गरिएको छ। लमजुङको सुन्दरबजार नगरपालिका-६ स्थित दिया बेकरी एण्ड स्वीट्स हाउसका सञ्चालकविरुद्ध खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी कसुरमा जिल्ला प्रशासन कार्यालय लमजुङमा मुद्दा दर्ता गरिएको कार्यालयले जनाएको छ।

कार्यालयका प्रमुख आचार्यका अनुसार खाद्य वस्तुको उत्पादन, प्रशोधन, प्याकेजिङ, भण्डारण तथा बिक्रीवितरणका क्रममा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पार्ने वा तोकिएको मापदण्ड पूरा नगर्ने गतिविधिमाथि नियमित अनुगमन हुँदै आएको छ। अनुगमनका क्रममा गम्भीर प्रकृतिका कैफियत भेटिएमा नमुना परीक्षणदेखि कानुनी कारबाहीसम्मको प्रक्रिया अघि बढाइने उहाँले बताउनुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# मुख्यमन्त्री सम्मेलनको एउटै माग अधिकार हस्तान्तरण

विराटनगरमा सम्पन्न ‘अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन’ले संविधानप्रदत्त अधिकारको पूर्ण कार्यान्वयन, वित्तीय संघीयताको सुदृढीकरण तथा अन्तरप्रादेशिक सहकार्यलाई संस्थागत गर्ने संकल्प गरेको छाकोशी प्रदेशले आयोजना गरेको दुई दिने मुख्यमन्त्री सम्मेलनले साझा संकल्पसहित ‘कोशी घोषणा’ जारी गरेको छ । पोखरा देखि शुरु भएको मुख्यमन्त्री सम्मेलनको माग एउटै छ -अधिकार हस्तान्तरण हुनुपर्ने । सम्मेलनको समापन गर्दै सबै प्रदेशका मुख्यमन्त्रीहरूले संविधानको मर्मअनुसार अधिकार, बजेट र संरचना प्रदेशलाई हस्तान्तरण गर्न संघीय सरकारसँग संयुक्त माग गर्दै घोषणापत्रमा हस्ताक्षर गरेका छन् । विगतमा भन्दा फरक प्रदेशहरूबीच नियमित समन्वय र सहकार्यका लागि सातै प्रदेशका मुख्यमन्त्रीहरू सदस्य रहने गरी ‘अन्तरप्रदेश मुख्यमन्त्री साझेदारी मञ्च’ गठन गर्ने निर्णय गरेको छ । मञ्चको अध्यक्षता सम्मेलन आयोजना गर्ने प्रदेशका मुख्यमन्त्रीले गर्ने व्यवस्था गरिएको छ ।

घोषणापत्रमा संविधानको अनुसूचीमा उल्लिखित एकल तथा साझा अधिकार कार्यान्वयनका लागि विद्यमान ‘कार्यविस्तृतीकरण’ को तत्काल परिमार्जन गर्न संघीय सरकारसँग माग गरिएको छ । संघीय सरकारमा जो भए पनि अधिकार दिन नचाहने प्रबृत्ति कायमै छ । हरेक पटकको सम्मेलन र प्रधानमन्त्रीसंगको भेटमा उहीँ कुरा दोहोऱ्याउनुपर्ने अवस्था आउनु विडम्बना हो । संसद्मा विचाराधीन संघीय निजामती सेवा विधेयक प्रदेशको अधिकार सम्बोधन हुने गरी यथाशीघ्र पारित गर्न, प्रदेश प्रहरी समायोजन गरी भौतिक संरचना र स्रोतसाधन हस्तान्तरण गर्न तथा संघ, प्रदेश र स्थानीय तहबीचको प्रशासनिक दोहोरोपन हटाउन आग्रह गरिएको छ । देशमा संघीयता छ भन्ने संविधानमा लेखेर पुग्दैन त्यसको लागि अधिकार हस्तान्तरण र कानुन बन्नु अनिवार्य छ । प्रदेशको अधिकार क्षेत्रभित्र रहेका विषयसँग बाझिने संघीय संरचना, डिभिजन कार्यालय, बोर्ड तथा विकास समितिहरू खारेज वा प्रदेशमा हस्तान्तरण गर्नुपर्ने विषय घोषणापत्रमा जोडदार उठाइएको छ ।

वित्तीय संघीयतातर्फ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम विनियोजित वित्तीय समानीकरण अनुदान आर्थिक वर्षको बीच वा अन्त्यमा कटौती नगर्न र पूर्ण रूपमा हस्तान्तरण गर्न मुख्यमन्त्रीहरूले माग गरेका छन् । सशर्त अनुदान घटाएर समानीकरण अनुदान बढाउनुपर्ने, साना तथा टुक्रे आयोजना संघले सिधै प्रदेशमा पठाउन नहुने घोषणापत्रमा उल्लेख छ । यसैगरी जलविद्युत्, वन, खानी, नदीजन्य पदार्थको रोयल्टी बाँडफाँट न्यायोचित बनाउनुपर्ने, कृषि आयकर प्रदेशले संकलन गर्न पाउनुपर्ने, ट्राफिक जरिवानाको सम्पूर्ण राजस्व प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्ने तथा सवारी दर्ता र चालक अनुमतिपत्रको राजस्व सम्बन्धित व्यक्तिको स्थायी ठेगाना भएको प्रदेशले पाउनुपर्ने व्यवस्था गर्न माग गरिएको छ । सातै प्रदेशका मुख्यमन्त्री र प्रमुख सचिवले हस्ताक्षर गरेर अधिकारका लागि लड्ने र सहकार्य पनि गर्दै जाने प्रतिबद्धता अनुरूप चल्न सके मुख्यमन्त्री सम्मेलन सार्थक हुनेछ । अन्तरप्रादेशिक हवाई सञ्जाल र विकास करिडोर प्रदेशहरूबीच आर्थिक तथा पर्यटकीय सम्बन्ध विस्तार गर्न विराटनगर-पोखरा, सुर्खेत-भैरहवा, पोखरा-सुर्खेत, जनकपुर-पोखरा र भैरहवा-धनगढीजस्ता अन्तरप्रादेशिक सीधा हवाई उडान सुरु गर्न सम्भाव्यता अध्ययन गरी सञ्चालन गर्ने सहमति भएको छ । कृषि, पर्यटन सर्किट, नदी बेसिन, विपद् जोखिम व्यवस्थापन र डिजिटल पूर्वाधारमा संयुक्त लगानी र साझेदारी अघि बढाउने निर्णय पनि भएको छ ।

विपद् व्यवस्थापनका लागि उच्च पहाडी तथा हिमाली क्षेत्रका हिमतालहरूको अवस्था अध्ययन, पूर्वसूचना प्रणाली विकास र विपद्का बेला तत्काल अन्तरप्रदेश स्रोत तथा जनशक्ति परिचालन संयन्त्र बनाउने घोषणा गरिएको छ । साथै, प्रदेशको एकल अधिकार क्षेत्रभित्र पर्ने ६ अर्ब रूपैयाँभन्दा माथिका लगानी परियोजनाको स्वीकृति प्रदेशबाटै हुने कानुनी व्यवस्था मिलाउन अनुरोध गरिएको छ । सुशासन र स्थानीय तहसँग सहकार्य घोषणापत्रमा प्रदेश सरकारअन्तर्गतका कार्यालय र संरचनाहरूको नियमित पुनरावलोकन गरी चुस्त, मितव्ययी र नतिजामुखी बनाउने, बजेट विनियोजनमा राजनीतिक पहुँच र व्यक्तिगत स्वार्थभन्दा माथि उठेर वित्तीय अनुशासन कायम गर्ने तथा भ्रष्टाचारप्रति ‘शून्य सहनशीलता’ अपनाउने साझा प्रतिबद्धता व्यक्त गरिएको छ । साथै, स्थानीय तहलाई प्रतिस्पर्धी नभई विकास साझेदारका रूपमा लिएर सहकार्य गर्ने प्रतिबद्धता जनाइएको छ । घोषणापत्रमा कोशीका मुख्यमन्त्री हिक्मतकुमार कार्की, मधेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव, बागमतीका मुख्यमन्त्री किरण थापा मगर, गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्य, कर्णालीका मुख्यमन्त्री मंगलबहादुर शाही र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले हस्ताक्षर गरेका छन् ।

# उत्तरी गोरखाको पाँचहजार घरधुरी विद्युत्विहीन

**पोखरापत्र संवाददाता**
गोरखा, २८ असोज

बूढीगण्डकी बाढीका कारण उत्तरी गोरखाको करिब पाँच हजार घर विद्युत् विहीन बनेका छन् ।

आइतबार चुमनुब्री गाउँपालिका-६ उङ्गिलुङ खोला तर्फबाट बूढीगण्डकीमा आएको बाढीले पालिकाको वडा नं ३ जगतस्थित सिर्दिबास उहिया लघुजलविद्युत् आयोजना बगाएको थियो । बाढीले जलविद्युत् आयोजना बगाएपछि चुमनुब्री गाउँपालिका वडा नं ३ र वडा नं ६ मा विद्युत् अवरुद्ध बनेको सिर्दिबास उहिया लघुजलविद्युत् आयोजनाका अध्यक्ष सुजन गुरुङले बताउनुभयो । गुरुङका अनुसार चुमनुब्रीको लोक्पा, दुङ्ला, न्याक, फिलिम, चिसापानी, आंगा, सर्स्युँ, नाग्चेत, घट्टेखोला, पाङसिङ, जगत, सल्लेरी, पैयुँ, भालुवन, सिर्दिबास रजगतमा विद्युत् अवरुद्ध भएको हो । जसका कारण ९७१ घरधुरी प्रभावित बनेको उहाँले जानकारी दिनुभयो । “बाढीले विद्युत्को १२ पोल बगायो, एउटा टावर र तारहरू पनि कता पुऱ्यायो, पुऱ्यायो । पावर हाउस चाँही सुरक्षित छ,” उहाँले भन्नुभयो, “आइतबार बिहान ४:०० बजे बाढी आएदेखि यो भेगमा बिजुली छैन ।”

विद्युत् नहुँदा उत्तरी गोरखाको गाउँबस्ती समस्यामा परेको चुमनुब्रीको प्रमुख प्रशासकीय अधिकृत नारायण सापकोटा बताउनुहुन्छ । उहाँका अनुसार विद्युत् र इन्टरनेट नहुँदा हाल पालिकाको प्रशासनिक काम ठप्प बनेको छ । निजी सङ्घसंस्थाहरू र स्थानीय नागरिकहरू पनि मर्कामा परेका उहाँको भनाइ छ ।

उहाँ भन्नुहुन्छ, “बाढीले पुल बगायो, बाटो बगायो, बिजुली पनि बगायो । अहिलेको डिजिटल युगमा बिजुली नहुँदा सूचना आदनप्रदानमा समस्या भएको छ । हिजो बिहान फोनसम्पर्क गरेकै कारण सयौँ मानिसहरूको ज्यान जोगिएको हो ।” फिलिमको केही घरहरूमा जडान गरिएका सोलारमार्फत सबैजनाले मोबाइल चार्ज गर्ने र बाहिर फोन सम्पर्क गर्ने गरेका सापकोटाले बताउनुभयो ।

हाल उत्तरी गोरखाको बाढी प्रभावित क्षेत्रमा एक गाउँबाट अर्को गाउँसम्म पुग्न सक्ने अवस्था समेत नरहेको चुमनुब्री गाउँपालिकाकी पूर्वउपाध्यक्ष कुमारी गुरुङ बताउनुहुन्छ ।

“फिलिमबाट न तल जाने ठाउँ छ, न त माथि जाने । बाढीले पुल, बाटो सबै बगायो,” उहाँले भन्नुभयो, “झनै बिजुली पनि नहुँदा त यो ठाउँ अन्धकार बनेको छ । धन्न मानवीय क्षति भने भएको छैन ।” उत्तरी गोरखाको अधिकांश गाउँबस्तीमा बिजुली र इन्टरनेटको समस्या रहेको गुरुङको भनाइ छ । बाढीका कारण उत्तरी गोरखाको धार्चे गाउँपालिका झनै मर्कामा परेको छ । हाल गाउँपालिकाको सात वटै वडाका करिब चार हजार घर विद्युत्विहीन बनेका पालिकाको प्रमुख प्रशासकीय अधिकृत बुद्धिराम बस्नेतले जानकारी दिनुभयो । विद्युत् प्राधिकरणको आरुघाटस्थित वितरण केन्द्रमा बाढीले क्षति पुऱ्याएपछि धार्चे गाउँपालिका अन्धकार बनेको उहाँले बताउनुभयो । “बाढीले यहाँको बिजुली, सञ्चार, बाटो-घाटो, पुल सबै बगायो,” उहाँले भन्नुभयो ।

जिल्लाको आरुघाट गाउँपालिकाको ५० घरधुरी पनि विद्युत्विहीन बनेको त्यहाँका पालिका अध्यक्ष राजु गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार आरुघाटको वडा नं ५ शांतीबजार क्षेत्रका ५० घरधुरीमा विद्युत् सेवा अवरुद्ध बनेको छ ।

# परिषद् सदस्यमा नेपाल सर्वाधिक मतसहित निर्वाचित

**रासस**
काठमाण्डौं, २८ असोज

नेपाल संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्को सन् २०२७-२०२९ कार्यकालका लागि सदस्यमा निर्वाचित भएको छ ।

न्युयोर्कस्थित राष्ट्रसङ्घको मुख्यालयमा मङ्गलबार भएको निर्वाचनमा नेपालले संयुक्त राष्ट्रसङ्घको महासभामा खसेको १८० मतमध्ये १७३ मत प्राप्त गर्दै एसिया-प्रशान्त क्षेत्रीय समूहबाट निर्वाचित देशमध्ये सबैभन्दा बढी मत हासिल गरेको हो । न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगले निर्वाचनपछि वक्तव्य जारी गर्दै नेपाललाई विश्वास र समर्थन प्रदान गर्ने संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रप्रति आभार व्यक्त गरेको छ । बहुपक्षीयता, मानवअधिकार, अन्तरराष्ट्रिय कानुन तथा संयुक्त राष्ट्रसङ्घलाई केन्द्रमा राखेको नियममा आधारित अन्तरराष्ट्रिय प्रणालीप्रतिको नेपालको प्रतिबद्धतामा विश्वास र भरोसा व्यक्त गर्नुभएकामा हामी संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रप्रति हार्दिक आभार व्यक्त गर्दछौँ, नियोगको विज्ञप्तिमा भनिएको छ । नियोगले परिषद्को नयाँ कार्यकालका लागि निर्वाचित अन्य राष्ट्रलाई पनि बधाई दिएको छ । नेपालले सन् २०२७-२०२९ कार्यकालका लागि निर्वाचित ब्राजिल, बुरुन्डी, डोमिनिकन गणतन्त्र, जर्मनी, घाना, आयरल्यान्ड, जापान, जोर्डन, कुवेत, माल्दोभा, नाइजेरिया, युक्रेन, उरुग्वे र जाम्बियालाई बधाई दिएको हो । नेपाल यसअघि सन् २०१८-२०२० र २०२१-२०२३ मा गरी लगातार दुई कार्यकाल परिषद्को सदस्य भइसकेको छ । नयाँ निर्वाचनसँगै नेपालले सन् २०२७ जनवरी १ देखि तेस्रो कार्यकालका लागि परिषद्को सदस्यका रुपमा काम गर्नेछ ।

# युआरएलको चाडपर्व अफर

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असोज

युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि (युआरएल)ले दसैं र तिहारको अवसरमा चाडपर्व अफर सार्वजनिक गरेको छ ।

यसपालिका चाडपर्वको अवसरमा युआरएलको मुख्य कार्यालय र सबै शाखामा युरिक एसिड, मधुमेह वा रगतमा हुने खराब बोसो (टिजी) मध्ये एक जाँच सित्तैमा गरिने छ । युआरएलकाप्रबन्धनिर्देशकगणेशप्रसाद कोइरालाले कात्तिक महिनाभर कायम रहने चाडपर्वको अफरमा अरु सबै प्रकारका रक्त परीक्षणमा पनि विशेष छुट दिइने जानकारी दिए । ‘हाम्रा सेवाग्राहीको चाडपर्वको माहोललाई थप उत्सवमय बनाउन छुट अफर ल्याएका हौं,’ उनले भने । युआरएल पोखराको न्युरोडमा रहेको गण्डकी प्रदेशकै पहिलो र एकमात्र आइएसओ प्रमाणपत्र प्राप्त रेफरेन्स ल्याब हो । यसले गण्डकी प्रदेशका ८ जिल्लामा २४ शाखामार्फत् सेवा प्रदान गरिरहेको छ । १३ वर्षअघि स्थापना भएको युआरएलले विभिन्न संघ, संस्थासँग सहकार्य गरी अहिलेसम्म २ सय ४१ वटा निशुल्क स्वास्थ्य शिविर आयोजना गरिसकेको युआरएल अध्यक्ष ठाकुरप्रसाद पन्थले बताए ।


दफा १२ (ञ) सँग सम्बन्धित

## शीतल बचत तथा ऋण सहकारी संस्था लि.

पोखरा-१७, छोरेपाटन

## भाखा नाघेको ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रथम पटक प्रकाशन मिति : २०८३/०६/२९**

यस संस्थाको ऋण नीति बमोजिम तपसिलमा उल्लेखित ऋणी सदस्य संस्थाहरुले उपयोग गरेको ऋण संस्थासंग ऋण लिने बेलामा गरेको लिखित सम्झौता भंग गरी संस्थालाई बुझाउनु पर्ने साँवा, व्याज तथा हर्जना रकम तीर्न बुझाउन नआई आलटाल गरेको र तीर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक रुपमा ताकेता गर्दा समेत वेवास्ता गरी अटेर गर्नु भएकोले सहकारी नियमावली २०७५ को नियम ३० (ख) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र संस्थाको कार्यालयमा सम्पर्क गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण सावाँ, ब्याज तथा हर्जना रकम तिर्न बुझाउनहुन सूचित गरिन्छ । अन्यथा सहकारी नियमावली २०७५ को दफा ३० (घ) बमोजिम ऋण सुरक्षणका लागि संस्थाको नाममा लेखिदिएको अचल सम्पत्ति लिलाम बिक्री गरी सम्पूर्ण लिनु पर्ने साँवा, व्याज, हर्जना र अन्य लाग्ने शुल्कहरु समेत अशुल उपर गरिने व्यहोरा व्यहोरा अवगत गराइन्छ ।

### तपसिल

| ऋणी सदस्यको नाम : बिष्णु माया खड्का | धनजमानी बस्नेको नाम : नर बहादुर खड्का |
|---|---|
| ऋणी सदस्यको पतिको नाम : नर बहादुर खड्का | बाबुको नाम : चोक बहादुर खड्का |
| ऋणी सदस्यको ससुराको नाम : चोक बहादुर खड्का | बाजेको नामः तिल बहादुर खड्का |
| ऋणी सदस्यको हाल ठेगाना : पोखरा २२ | हालको ठेगाना : पोखरा २१ |
| सदस्यता नं. : ००२३१५ | सदस्यता नं. : |
| ऋणको शीर्षक : धितो कर्जा | ना.प्र.नं र जिल्ला : ११८७२७ /कास्की |
| ना.प्र.नं र जिल्ला : ११८८७६ /कास्की | वर्ष : ५४ |
| वर्ष : ५१ | अन्य : |

### धितोको विवरण

कास्की जिल्ला पोखरा-२२ बस्ने चोक बहादुर खड्का को बुहारीको नर बहादुर खड्का श्रीमती वर्ष ५१ को बिष्णु माया खड्का को नाममा मालपोत कार्यालय कास्की मा दर्ता श्रेष्ता कायम भएको कास्की जिल्ला साविक मट्टीखान-१ गा.वि.स/न.पा को हाल पोखरा वडा नं.-२२, कि.नं १४२१ क्षे.फ (०-४-३-०) रोपनी को जग्गा कित्ता -१

| ऋणी सदस्यको नाम : कुल बहादुर थापा | धनजमानी बस्नेको नाम : नर बहादुर खड्का |
|---|---|
| ऋणी सदस्यको बाजेको नाम : लोक बहादुर थापा | बाबुको नाम : चोक बहादुर खड्का |
| ऋणी सदस्यको बाबुको नाम : दुर्गा बहादुर थापा | बाजेको नाम : तिल बहादुर खड्का |
| ऋणी सदस्यको हाल ठेगाना : पोखरा-२१ | ठेगाना : पोखरा-२१ |
| सदस्यता नं. : ००२४६९ | सदस्यता नं. : |
| ऋणको शीर्षक : धितो कर्जा | ना.प्र.नं र जिल्ला : ११८७२७ /कास्की |
| ना.प्र.नं र जिल्ला : ४६१००५/११८ /कास्की | वर्ष : ५४ |
| वर्ष : ४० | अन्य : |

### धितोको विवरण

कास्की जिल्ला पोखरा-२१ बस्ने लोक बहादुर थापाको नाती दुर्गा बहादुर थापा छोरा वर्ष ४० को कुल बहादुर थापाको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम भएको कास्की जिल्ला साविक कृस्ती नाच्नेचौर-३ गा.वि.स हाल पोखरा वडा नं.२१ कि.नं २३४०/२३४४ क्षे.फ. (०-८-३-०) (०-८-१-३) रोपनीको जग्गा कित्ता- २

| ऋणी सदस्यको नाम : तारादेवी बराल | धनजमानी बस्नेको नाम : नर बहादुर खड्का |
|---|---|
| ऋणी सदस्यको पतिको नाम : लेख बहादुर बराल | बाबुको नाम : चोक बहादुर खड्का |
| ऋणी सदस्यको ससुराको नाम : बुद्धि बहादुर बराल | बाजेको नाम : तिल बहादुर खड्का |
| ऋणी सदस्यको ठेगाना : पोखरा-२२ कास्की | ठेगाना : पोखरा-२१ कास्की |
| सदस्यता नं. : ००२५०४ | सदस्यता नं. : |
| ऋणको शीर्षक : धितो कर्जा | ना.प्र.नं र जिल्ला : ११८७२७/कास्की |
| ना.प्र.नं र जिल्ला : २/२६२ /कास्की | वर्षः ५४ |
| वर्षः ५७ | अन्यः |

### धितोको विवरण

कास्की जिल्ला पोखरा-२२ बस्ने बुद्धि बहादुर बरालको बुहारी लेखबहादुर बरालको श्रीमती वर्ष ५७ को तारादेवी बरालको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम भएको कास्की जिल्ला साविक लुकुम्स्वारा-३ गा.वि.स/न.पा को हाल पोखरा-२२ कि.नं १६२४ क्षे.फ. (२-४-१-३) रोपनीको जग्गा कित्ता-१

| ऋणी सदस्यको नाम : जमुना खडका क्षेत्री | धनजमानी बस्नेको नाम : डम्वर बहादुर खडका |
|---|---|
| ऋणी सदस्यको पतिको नाम : भोज बहादुर खड्का क्षेत्री | बाबुको नाम : भोज बहादुर खडका क्षेत्री |
| ऋणी सदस्यको ससुराको नाम : होम बहादुर | बाजेको नाम : होम बहादुर |
| ऋणी सदस्यको ठेगाना : पोखरा-२२ कास्की | ठेगाना : पोखरा-२१ कास्की |
| सदस्यता नं. : २२२६ | सदस्यता नं. : |
| ऋणको शीर्षक : धितो कर्जा | ना.प्र.नं र जिल्लाः ४६-०१-८१-०७४०९/कास्की |
| ना.प्र.नं र जिल्ला : ४६-११-७०-००४३५ /कास्की | वर्षः १८ |
| वर्षः ४१ | अन्यः |

### धितोको विवरण

कास्की जिल्ला पोखरा २२ बस्ने होम बहादुरको बुहारी भोज बहादुर खडका क्षेत्री को श्रीमती बर्ष ४१ को जमुना खडका क्षेत्री को नाममा मालपोत कार्यालय कास्की मा दर्ता श्रेष्ता कायम भएको कास्की जिल्ला साविक लुकुम्स्वारा ३ गा.वि.स/न.पा को हाल पोखरा २२ कि.नं २०१९ क्षे.फ. (०-७-१-००) रोपनी को जग्गा कित्ता -१



## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ७ साविक रेश गा.वि.स. वडा नं. ३ स्थायी निवासी भारतीय भू.पू.नं. ५२४०९०८X का चन्द्र बहादुर थापाको नेपाली नागरिकताको प्रमाणपत्रमा जन्ममिति वि.सं.२०१२/०२/०४ भएको र भारतीय पेन्सनपत्तामा जन्ममिति इ.सं. १९५४/१२/२१ भई जन्ममिति फरक परेतापनी दुई जन्ममिति उल्लेख गरेको व्यक्ति एउटै भएको साथै निजको पत्निको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर हिमाकला थापा, जन्ममिति वि.सं.२०१९/०८/०१ भएको र भारतीय पेन्सनपत्तामा पत्नीको नामथर हिमा देवी थापा, जन्ममिति इ.सं.१९६३/०३/१८ भई पत्नीको नामथर र जन्ममिति फरक परेतापनी दुई नामथर, जन्ममिति उल्लेख गरेको व्यक्ति एउटै भएको व्यहोरा प्रमाणित गरिन्छ भनी काठेखोला गाउँपालिका, ७ नं. वडा कार्यालय, बागलुङको च.नं. २७१, मिति २०८३/०६/१५ र च.नं. २८३, मिति २०८३/०६/२० गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ जानकारीका लागि अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# प्रतिभा माविमा खेलकुद कार्यक्रम सुरु

पोखरापत्र संवाददाता
पोखरा, २८ असोज




प्रतिभा माविमा बुधबारदेखि वार्षिक खेलकुद कार्यक्रम सुरु भएको छ । आन्तरिक रुपमा विभिन्न समूह बनाएर विद्यार्थीले उक्त कार्यक्रममा भाग लिनेछन् । त्यसबाहेक विद्यालयले बुधबार एक कार्यक्रम गरि पोखरामा आयोजित विभिन्न खेल प्रतियोगिताका उपाधि विजेता विद्यार्थीलाई सम्मान समेत गरेको छ ।

विद्यालयले केही समय अघि पोखरामा आयोजित पाँचौ मञ्जुबहादुर स्मृति छात्र ह्याण्डबल प्रतियोगिता जितेको थियो । त्यस्तै कास्की जिल्ला ब्याडमिन्टन संघको आयोजनामा भएको २२ औं इन्द्रबहादुर गुरुङ मेमोरियल अन्तर स्कुल ब्याडमिन्टन प्रतियोगितामा प्रतिभा मावि उपविजेता बनेको थियो । ती दुवै प्रतियोगिताका विद्यार्थीलाई बुधबार आयोजित कार्यक्रममा सम्मान गरिएको थियो । त्यसबाहेक विद्यालयले आयोजना गरेको खेलकुद कार्यक्रम अन्तरगत भलिबलरबास्केटबलकाप्रतियोगिता पनि संचालन गरिएको विद्यालयका निर्देशक राकेश जोशीले बताए । खेल गतिविधिको प्रमुख अतिथि पोखरा महानगरपालिका-९ का अध्यक्ष दीपेन्द्र मर्सानी र विद्यालय संचालक समितिका अध्यक्ष नारायणप्रसाद पौडेलले उद्घाटन गरेका थिए । कार्यक्रममा विद्यालयका निर्देशक जोशीले विद्यालयले यो समयमा हरेक वर्ष खेलकुद कार्यक्रम संचालन गर्दै आएको र योवर्ष पनि निरन्तरता दिएको बताए । दुईदिन अवधिमा भलिवल र बास्केटबलका खेल हुने उनले बताए । विद्यालयका प्राचार्य किरण सापकोटाले विद्यालयभित्र हुने प्रतिस्पर्धा मात्र नभई बाहिरी प्रतिस्पर्धामा समेत विद्यालयले खेल क्षेत्रमा अब्बलता सावित गरेको बताए । 'विद्यालयले हिसानका तीनवटा संस्करण लगातार जितेर रनिङ शिल्ड नै राखिसकेका छौं । फेरि दोस्रो अध्याय सुरु गरेका छौं, अबका संस्करणमा पनि प्रतिभाले साच्चै प्रतिभा देखाउनेछ,' सापकोटाले भने, 'त्यसका लागि हामीले अहिले नै अभ्यास थालिसकेका छौं । विद्यार्थीको प्रशिक्षण सुरु भईसकेको छ ।' प्राचार्य सापकोटले खेलकुद क्षेत्रमा कहिल्यै नहारिने बताए । 'खेलाडीहरु कहिल्यै हार्दैनन, बरु हरेक खेलबाट केही न केही सिक्छन । त्यसैले हरेक खेललाई उत्तिकै महत्वपूर्ण ठानेर अनुशासित, लगनशील र आत्मविश्वासका साथ खेल्नुपर्छ,' उनले भने, 'खेलकुद एउटा यस्तो सशक्त माध्यम हो, जसले देशको राष्ट्रिय झण्डालाई विश्वभर उचाइमा पुर्‍याउँछ ।

प्रमुख अतिथि पोखरा-९ का अध्यक्ष दीपेन्द्र मर्सानीले खेलकुदको माध्यमले विद्यार्थीको पढाइसँगै उनीहरुको मानसिक, शारीरिक तथा अनुशासनमा पनि योगदान दिने बताए । विद्यालयमा हुने यस्तै गतिविधिमार्फत राष्ट्रका लागि खेलाडी तयार हुने उनले बताए । विद्यालय संचालक समितिका अध्यक्ष नारायणप्रसाद पौडेलले विद्यालयले शिक्षा क्षेत्रमा फड्को मारेसँगै खेल क्षेत्रमा पनि भिन्दै पहिचान बनाएको बताए । 'पोखरामा मात्र सीमित नभई प्रतिभाको सान अब राष्ट्रकै लागि बनेको छ । खेलाडी उत्पादनमा पनि विद्यालय अग्रसर बनेको छ । शैक्षिक सानसँगै खेलकुदको क्षेत्रमा पनि विद्यालयले भिन्दै पहिचान बनाएको छ,' उनले भने, 'आगामि दिनमा पनि यस्ता गतिविधि निरन्तर रहनेछन् ।'

# सृजना मा.वि.को स्पोर्टस् मिट

पोखरापत्र संवाददाता
पोखरा, २८ असोज



शैक्षिक एवम् पर्यटकीय नगरी पोखरा-८, सृजनाचोक शान्तिमार्गमा अवस्थित सृजना सेकेण्डरी स्कुलको आयोजना तथा नेपाल जुनियर रेडक्रस सर्कल सृजना मा. वि.को व्यवस्थापनमा वार्षिक खेलकुद कार्यक्रम (सृजना स्पोर्टस् मिट)-२०८३ सम्पन्न भएको छ ।

'विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि खेलकुद' भन्ने मूल नाराका साथ यही असोज २६, २७ र २८ गते त्रिदिवसीय रूपमा नर्सरीदेखि कक्षा १२ सम्मका विद्यार्थीहरूका बिच वृहत खेलकुद कार्यक्रम सञ्चालन भएको थियो । उक्त कार्यक्रममा तहगत रूपमा अन्तर्सदनात्मक तथा खुल्ला प्रतिस्पर्धात्मक गरी विभिन्न खेलहरू सम्पन्न भएका थिए । विद्यालयको खेलकुद विभागका प्रमुख गोपाल थापाको संयोजकत्वमा सम्पन्न उक्त खेलकुद कार्यक्रमको उद्घाटन विद्यालयका सल्लाहकार कृष्ण घिमिरे तथा भाइस प्रिन्सिपल इन्द्रकुमार श्रेष्ठले संयुक्त रूपमा बेलुनका गुच्छा उडाएर समुद्घाटन गर्नुभएको थियो भने सल्लाहकार कृष्ण घिमिरेले उद्घाटन सत्रमा मन्तव्य राख्दै कार्यक्रमको उच्च सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो । वार्षिक खेलकुद कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्नका लागि तहगत रूपमा विभिन्न खेलका खेलकुद संयोजकहरू चयन गरी जिम्मेवारी बाँडिएको थियो । कार्यक्रमको पहिलो दिन असोज २६ गते सोमवार विद्यालयको खेल मैदानमा नर्सरी देखि कक्षा ३ सम्म झोला दौड, हिसाब दौड, माला बनाउने, बेलुन ब्लास्ट, मेमोरी गेम लगायतका थुप्रै खेलहरू दोस्रो दिन असोज २७ गते मङ्गलवार कक्षा ४ देखि १० सम्मका छात्रछात्राहरूको तेस्रो दिन असोज २८ गते खेल सम्पन्न भएको थियो । कक्षा ११ र १२ का छात्रछात्राहरूको भलिबल खेल २९ गते विहिवारका दिन विद्यालयको खेल मैदानमा सञ्चालन गरिने कुरा विद्यालयको खेलकुद विभागका प्रमुख गोपाल थापाले जनाउनुभयो ।

# तनहुँका विकास आयोजना कार्यान्वयन हुन सकेनन्

पोखरापत्र संवाददाता
दमौली, २८ असोज

गत आर्थिक वर्षको स्वीकृत वार्षिक विकास कार्यक्रममा समावेश भएका तनहुँका केही आयोजना विभिन्न प्राविधिक, प्रशासनिक तथा बजेटसम्बन्धी समस्याका कारण कार्यान्वयनमा आउन सकेका छैनन् ।

बजेट रोक्का, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अभाव, सडकको ग्रेड तथा रेखाङ्कन मिलाउनुपर्ने समस्या र आवश्यक संरचनाको स्वरूप परिवर्तन गर्नुपर्ने अवस्थाका कारण पूर्वाधार विकास कार्यालयका केही आयोजना अघि बढाउन कठिन भएको हो । पूर्वाधार विकास कार्यालयका सूचना अधिकारी इन्जिनियर किरण श्रेष्ठले स्वीकृत वार्षिक विकास कार्यक्रममा परेका केही आयोजना कार्यान्वयन गर्न नसकिएको बताउनुभयो । कतिपय आयोजनामा बजेट उपलब्ध हुन नसकेको, कतिपयमा प्राविधिक तयारी पूरा नभएको तथा केही आयोजनामा स्थलमै देखिएका समस्याका कारण काम अघि बढाउन नसकिएको उहाँले बताउनुभयो । देवघाट गाउँपालिका-५ स्थित रेडक्रस मार्ग र भानु नगरपालिका-९ तथा १० स्थित चितीखोला-सुकेधारा मोटरबाटो निर्माण तथा स्तरोन्नति आयोजना बजेट रोक्का भएका कारण कार्यान्वयनमा आउन सकेनन् । यी आयोजनाका लागि गण्डकी प्रदेशको आर्थिक मामिला मन्त्रालयबाट बजेट रोक्का भएपछि कार्यालयले प्रक्रिया अघि बढाउन नसकेको जनाएको छ । स्वीकृत कार्यक्रममा समावेश भए पनि बजेट नै कार्यान्वयन गर्न सक्ने अवस्था नभएपछि आयोजना अघि बढाउन समस्या भएको हो ।

विशेषगरी चितीखोला-सुकेधारा मोटरमार्ग भानु नगरपालिका-९ र १० का बस्ती तथा क्षेत्रलाई सडक सञ्जालसँग जोड्ने महत्वपूर्ण आयोजना भए पनि बजेट रोक्काका कारण निर्माण तथा स्तरोन्नतिको काम अगाडि बढ्न नसकेको कार्यालयले जनाएको छ । ऋषिङ गाउँपालिका-८ र ५ जोड्ने सिन्धुस खोला ट्रस ब्रिज पनि कार्यान्वयन हुन नसकेको आयोजनामध्ये एक हो । इन्जिनियर श्रेष्ठका अनुसार आयोजना अघि बढाउने समयमा आवश्यक विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार नभएको कारण कार्यान्वयन गर्न कठिन भएको हो । पुल निर्माणका लागि आवश्यक प्राविधिक अध्ययन, डिजाइन तथा लागत अनुमानलगायतका आधार भूत प्रक्रिया पूरा गर्नुपर्ने भएकाले तत्कालै निर्माण कार्य अघि बढाउन नसकिएको उहाँले बताउनुभयो ।

स्थानीय तहका दुई वडालाई जोड्ने उक्त पुल निर्माण हुन सकेमा स्थानीयको आवतजावत सहज हुनाका साथै सडक सञ्जाल विस्तारमा सहयोग पुग्ने अपेक्षा गरिएको थियो । भानु नगरपालिका-७स्थितकार्कीगाउँदेखि गौलीगाउँ मोटरबाटो प्राविधिक तथा जग्गासम्बन्धी समस्याका कारण कार्यान्वयनमा आउन सकेन । हाल सञ्चालनमा रहेको बाटोको ग्रेड उच्च रहेको र सडकलाई आवश्यक मापदण्डअनुसार निर्माण गर्न रेखाङ्कन परिवर्तन गर्नुपर्ने अवस्था देखिएको कार्यालयले जनाएको छ ।

सडकको ग्रेड सुधार गर्न रेखाङ्कन परिवर्तन आवश्यक भए पनि त्यसका लागि आवश्यक जग्गा व्यवस्थापन तथा स्थानीयस्तरमा देखिएको समस्या समाधान नभएसम्म निर्माण अघि बढाउन सक्ने अवस्था नरहेको कार्यालयको भनाइ छ । भानु नगरपालिका-९ र १० स्थित फ्याउसे-कटुवा चितीखोलामा कल्भर्ट निर्माण गर्ने योजना स्वीकृत कार्यक्रममा रहे पनि कार्यान्वयन हुन सकेन । कार्यालयका अनुसार उक्त स्थानमा निर्माण गर्न प्रस्ताव गरिएको कल्भर्टका लागि आवश्यक स्पान बढी देखिएपछि सामान्य कल्भर्टभन्दा सडक पुल निर्माण गर्नुपर्ने भएको हो । त्यसैगरी, भानु नगरपालिका-४ स्थित धनञ्जय मार्ग स्तरोन्नति आयोजना पनि कार्यान्वयन हुन नसकेको आयोजनाको सूचीमा परेको छ ।

पूर्वाधार विकास कार्यालयले वार्षिक कार्यक्रममा आयोजना समावेश गर्नु मात्रै पर्याप्त नभई त्यसको कार्यान्वयनका लागि आवश्यक बजेट, डिपिआर, जग्गा व्यवस्थापन, प्राविधिक अध्ययन तथा स्थलको वास्तविक अवस्था सुनिश्चित हुनुपर्ने जनाएको छ ।

इन्जिनियर श्रेष्ठका अनुसार आयोजना कार्यान्वयनका क्रममा देखिने यस्ता समस्या समयमा नै समाधान हुन नसक्दा बजेट विनियोजन भए पनि निर्माण कार्य सुरु गर्न कठिन हुने गरेको छ ।

# देशभर १५ वटा विपद्का घटना, १० जना घाइते

पोखरापत्र संवाददाता
पोखरा, २८ असोज

काठमाडौँ, २८ असोजः देशभर पछिल्लो २४ घण्टामा भएका १५ वटा विपद्का घटनामा परी १० जना व्यक्ति घाइते भएका छन् ।

विपद्मा परी घाइते भएकाको स्थानीय स्वास्थ्य केन्द्र र सम्बन्धित जिल्लाका अस्पतालमा उपचार भइरहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका अनुसार ती घटनामा रु २६ लाख ३३ हजार बराबरको भौतिक क्षति भएको छ । त्यस अवधिमा देशका विभिन्न स्थानमा आगलागी, सर्पदंश लगायतका विपद्का घटना भएका हुन् । प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार मोरङ, सप्तरी, पाल्पा, सुर्खेत, कालीकोट र कञ्चनपुरमा सर्पदंशका घटना भएकाछन् । त्यस्तैमोरङ, धनकुटा, महोत्तरी, काठमाडौँ, कैलाली र कञ्चनपुरमा आगलागीका घटना भएका थिए ।

प्राधिकरणका अनुसार उक्त अवधिमा भएका विपद्का घटनाबाट मानवीय तथा पशुचौपायामा क्षति नभए पनि भौतिक सम्पत्तिमा क्षति पुगेको छ । विपद्बाट भएको क्षतिको विवरण सङ्कलन तथा व्यवस्थापनका लागि सम्बन्धित निकाय सक्रिय रहेको प्राधिकरणले जनाएको छ । मौसममा भइरहेको परिवर्तन तथा वर्षाजन्य विपद्को सम्भावित जोखिमलाई ध्यानमा राख्दै प्राधिकरणले सर्वसाधारणलाई सतर्कता अपनाउन आग्रह गरेको छ । विपद्का समयमा सावधानी अपनाउन र जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्नसके जनधनको क्षति कम गर्न सकिने प्राधिकरणले जनाएको छ ।

## सार्वजनिक सूचना

कास्की जिल्ला पोखरा-१३, बाझापाटन बस्ने पदम कुमारी गुरुङको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. १३ को कित्ता नं. ३०२ को क्षेत्रफल १८१.५३ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा उत्तर तर्फ कि.नं. २७७ र दक्षिण तर्फ कि. नं. ३०५ र पश्चिम तर्फ कि.नं. २४२ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. १३ को कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला गल्याङ नगरपालिका वडा नं.-५ निवासी भारतीय भू.पू. सैनिक नं. JC-607145 L SUB चन्द्र बहादुर थापा 5/3 GR को श्रीमतीको ना.प्र.मा नाम **रेवती थापा** र जन्म मिति **वि.सं. २०१३/०४/२३** भएको तर सैनिक अभिलेखमा नाम **रेवती कुमारी** र जन्म मिति **08/11/1956 AD** उल्लेख भई फरक परेकोले फरक फरक नाम र जन्म मिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा प्रमाणित गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं. २६०, मिति २०८३/०६/२६ को सिफारिस पत्रबाट लेखि आएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०८३/६/२९)**

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ६ मा होटल लुमेन प्रा.लि. द्वारा (६५ शैयामा) होटल निर्माण तथा सञ्चालन गर्ने प्रयोजनार्थ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयारीको क्रममा वातावरण संरक्षण नियमावली २०७७ को नियम ६ को प्रयोजनार्थ सार्वजनिक सुनुवाई कार्यक्रम, प्रस्तावित होटल निर्माण स्थलमा मिति २०८३/७/११ गते बुधबारका दिन बिहान ९:०० बजे स्थानीय तथा सरोकारवालाहरुको उपस्तिथीमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा उपस्थीतिको लागि हार्दिक अनुरोध गर्दछु ।

**आयोजक**
**होटल लुमेन प्रा.लि.**
**गण्डकी प्रदेश, कास्की जिल्ला,**
**पोखरा महानगरपालिका, वडा नं. ६, फोन नं.: ९८१६१७५४१९**

## भीरकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बयरघारी, स्याङ्जा, गण्डकी प्रदेश**

**भीरकोट नगरपालिका भएर बग्ने आँधिखोलाको बगर क्षेत्रहरूबाट दिगो रूपमा ढुंगा, गिट्टी, बालुवाको उत्खनन् तथा संकलन कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धमा सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२९)

भीरकोट नगर कार्यपालिकाको कार्यालय बयरघारी स्याङ्जाद्वारा निम्न बमोजिमको प्रस्ताव वातावरण संरक्षण नियमावली २०७७ को नियम ७(२) अनुसार कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | भीरकोट नगरपालिका, बयरघारी, स्याङ्जा<br>ईमेलः info@bheerkotmun.gov.np;<br>फोन नं.: ०६३-४००१०६, ०६३-४००१०७ |
| प्रस्तावको व्यहोरा | भीरकोट नगरपालिका भएर बग्ने आँधिखोलाको विभिन्न बगर क्षेत्रहरुबाट दिगो रुपमा ढुंगा, गिट्टी, बालुवा, रोडा आदि नदीजन्य पदार्थ संकलन तथा उत्खनन् गर्ने कार्य । |
| प्रभाव पर्न सक्ने जिल्ला, महानगरपालिका | स्याङ्जा जिल्ला, भीरकोट नगरपालिका, वडा नं १, २, ४, ५, ६, र ७. |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति तथा संघ संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावको नाम र ठेगाना** | **भीरकोट नगर कार्यपालिकाको कार्यालय, बयरघारी स्याङ्जा**<br>**ईमेलः** info@bheerkotmun.gov.np<br>**फोन नं.: ०६३-४००१०६, ०६३-४००१०७** |
| **परामर्शदाताको नाम र ठेगाना** | **प्लाटफर्म इन्जिनियरिङ कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि.**<br>**बानेश्वर, काठमाण्डौं; ईमेलः** platformgroup5@gmail.com |